# माडी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल

पत्र सं.: ०८२/०८३
च.नं.:

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०८२/१२/०५)

यस माडी नगरपालिकाको लागि देहाय बमोजिम पदमा माडी नगरपालिकाको नगर प्रहरी सेवालाई व्यवस्थापन गर्न बनेको ऐन-२०८२ र नगर प्रहरी छनोट कार्यविधि-२०८२ बमोजिम नगर प्रहरीहरुको पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको समयभित्र तोकिएको पदहरुको लागि योग्यता पुगेका उम्मेदवारहरुले रितपुर्वक आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| क. स. | विज्ञापन नं | पद | माग पद संख्या | तह | आवेदन दस्तुर |
|---|---|---|---|---|---|
| १. | ९-०८२-०८३ | नगर प्रहरी हवल्दार (खुला) | १(एक) | सहायक स्तर तृतीय | ७००।- |
| २. | १०-०८२-०८३ | नगर प्रहरी जवान(खुला) | १(एक) | सहायक स्तर द्वितिय | ४००।- |
| ३. | ११-०८२-०८३ | नगर प्रहरी जवान(महिला) | १(एक) | सहायक स्तर द्वितिय | ४००।- |

१. **दरखास्त प्राप्त गर्ने र बुझाउने स्थानः** माडी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, चितवन।

२. **परिक्षा हुने मिति र समयः** पछि प्रकाशित हुनेछ।

३. **परिक्षाको किसिमः**, शारिरीक तन्दुरुस्ती परिक्षण, लिखित परिक्षा र अन्तर्वार्ता

(**लिखित परिक्षाको पाठ्यक्रमः** नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, माडी नगरपालिकाको आर्थिक ऐन २०८२ तथा विनियोजन ऐन २०८२ र माडी नगर प्रहरी सेवाको व्यवस्थापन गर्न बनेको ऐन २०८२ सम्बन्धी सामान्य जानकारी, नेपालका सुरक्षा निकायहरु सम्बन्धी सामान्य जानकारी, माडी नगरपालिकाको भुगोल र समसामयिक विषयहरु (वस्तुगत बहुउत्तर प्रश्नहरु)

४. **आवेदन बुझाउने अन्तिम मितिः** २०८२/१२/२० गते कार्यालय समय भित्र।

५. **पदमा रही गर्नुपर्ने कामको विवरणः** माडी नगरपालिकाले तोकेको कार्यविवरण अनुसार।

**<u>६. शैक्षिक योग्यता, उमेर र अनुभवः</u>**

क) नगर प्रहरी जवान पदको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट एसईई वा सो सरह उत्तिर्ण गरेको र दरखास्त दिने समयको अन्तिम मितिमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० बर्ष ननाघेको हुनुपर्नेछ।

...नीय अधिकृत

CamScanner

# माडी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल

पत्र सं.: ०८२/०८३
च.नं.:

तर बहालवाला नगर प्रहरी वा सेवा निवृत्त तथा राजिनामा दिई उपदान सुविधा प्राप्त नेपाली सैनिक/नेपाल प्रहरी/सशस्त्र प्रहरीको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ।

(ख) नगर प्रहरी हवल्दार पदको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट एसईई वा सो सरह उत्तिर्ण गरेको उत्तिर्ण गरेको र दरखास्त दिने समयको अन्तिम मितिमा १८ वर्ष पूरा भई ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ। तर बहालवाला नगर प्रहरी वा सेवा निवृत्त तथा राजिनामा दिई उपदान सुविधा प्राप्त नेपाली सैनिक/नेपाल प्रहरी/सशस्त्र प्रहरीको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ।

(ग) नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको।

(घ) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको।

(ङ) मानवअधिकार र मानवीय कानुनको उल्लंघनमा सजाय नपाएको।

(च) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ ईन्च उचाई भएको।

(छ) छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको।

(ज) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।

(झ) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको।

(ञ) नेपाली नागरिकता प्रमाणपत्र पाएको।

**७. दरखास्तमा संलग्न गर्नुपर्ने:** उम्मेदवारको व्यक्तिगत विवरण शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि, संलग्न हुनुपर्नेछ ।पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ।

**८. तलब तथा सेवा सुविधा:** माडी नगरपालिकाको नियमानुसार हुनेछ।

जगत प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

द्रष्टव्य: रितपूर्वक पेश नभएका तथा म्याद नाघी दर्ता हुन आएका आवेदन उपर कुनै कारवाही हुने छैन तथा पदपुर्ति सम्बन्धी अन्य व्यवस्था माडी नगरपालिकाको नगर प्रहरी छनोट सम्बन्धी कार्यविधि, २०८२ मा उल्लेख गरे बमोजिम हुनेछ ।

थप जानकारीका लागि: माडी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, चितवन ।

CamScanner